आर्थिक ऐन २०८३

कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १० संख्याः २ मितिः २०८३/०३/१५

## भाग-१

## कालिका गाउँपालिका

## कालिका गाउँपालिकाको आर्थिक ऐन, २०८३

**प्रस्तावनाः** कालिका गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न बान्छनीय भएकाले नेपालको संविधानको धारा २३० बमोजिम कालिका गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३ रहेको छ।

(२) यो ऐन २०८३ श्रावण १ गतेदखि कालिका गाउँपालिकाको क्षेत्रभित्र लागू हुनेछ।

२. **सम्पत्ति करः** कालिका गाउँपालिका क्षेत्रभित्र अनुसूची -१ बमोजिम सम्पत्ति कर/ घरजग्गा कर लगाइनेछ।

३. **भूमीकर/मालपोत करः** कालिका गाउँपालिका क्षेत्रभित्र अनुसूची-२ बमोजिम मालपोत कर लगाइने र असुल उपर गरिनेछ।

४. **बहाल करः** कालिका गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज, गोदाम,टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची -३ बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ।

५. **व्यवसाय करः** कालिका गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची -४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. **जडिबुटी, कबाडी र जीवजन्तु करः** कालिका गाउँपालिका क्षेत्रभित्र व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कबाडिमाल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तुबाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची -५ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

७. **विज्ञापन करः** (१) कालिका गाउँपालिका क्षेत्रभित्र हुने सबै प्रकारको विज्ञापनमा अनुसूची - ६ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा १ बमोजिम संकलन गरिएको करको ४० प्रतिशत रकम बागमती प्रदेश सरकारको संचितकोषमा दाखिला गरिनेछ।

**८. मनोरञ्जन करः** (१)कालिका गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै मनोरञ्जन कर बागमती प्रदेश सरकारले तोकेबमोजिम अनसूची - ७ मा व्यवस्था भएअनुरुप कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा १ बमोजिम संकलन गरिएको करको ४० प्रतिशत रकम बागमती प्रदेश सरकारको संचितकोषमा दाखिला गरिनेछ ।

**९. बहाल बिरौटी शुल्कः** कालिका गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल र सडक वा बाटो किनार वा विशेष मेला पर्वमा सञ्चालन भएका हाटबजार वा पसलबाट अनुसूची - ८ बमोजिम कालिका गाउँपालिकाले बहाल बिरौटी शुल्क लगाइ असुल उपर गर्न सक्नेछ।

**१०.सेवा शुल्क, दस्तुरः** कालिका गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची - ९ मा व्यवस्था भएअनुरुप सेवा शुल्क लगाइनेछ र असुल उपर गरिनेछ।

**११.पर्यटन शुल्कः** कालिका गाउँपालिका क्षेत्रभित्र रहेको स्याउवारी पिकनिक स्पटमा पिकनिकको लागि आउने प्रत्येक समुहबाट अनुसूची - १० मा व्यवस्था भएअनुरुप शुल्क लगाइ असुल उपर गरिनेछ।

**१२.ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्कः** कालिका गाउँपालिका क्षेत्रभित्र ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिदढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको सङ्कलनमा अनुसूची -११ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१३.घर जग्गा रजिष्ट्रेशन शुल्कः** कालिका गाउँपालिका क्षेत्रभित्र घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन गर्दा अनुसूची - १२ बमोजिम रजिष्ट्रेशन शुल्क लगाइ असुल उपर गरिनेछ।

**१४.दण्ड जरिवानाः** यस कालिका गाउँपालिकाले अनुसूची - १३ को व्यवस्थाअनुरुप दण्ड तथा जरिवाना लगाइनेछ ।

**१५.सवारी साधन कर :** कालिका गाउँपालिका भित्र दर्ता भएका सवारी साधनहरुमा अनुसूची-१४ बमोजिमको कर लगाई असुल गरिनेछ ।साथै कानुनमा अन्यथा भएमा सोही बमोजिम हुनेछ ।

**१६.कर छुटः** (१) यस ऐनबमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइनेछैन।तर कुनै सामाजिक लगायतका कुनै विशेष क्षेत्रमा कार्य गर्ने संस्था, निकाय वा कनै व्यक्तिलाई कुनै विशेष किसिमको कर छुट दिन गाउँसभाबाट हुने विशेष निर्णयलाई यस दफाले बाधा पुऱ्याउनेछैन।

(२) एकल रुपमा बसोबास गरी आएका व्यक्ति जसको एकाघरमा कोही पनि व्यक्ति नभएको वा भएता पनि अपाङ्गता भएका, असक्त र ७० वर्षभन्दा माथिका बृद्धबृद्धा मात्र भएको भन्ने करमा कार्यापालिकाबाट निर्णय भएमा त्यस्तो परिवारलाई बक्यौता रहेको घरधुरी करमा १० प्रतिशत सम्म छु ट दिनसकिनेछ।यसरीछुट गरिएको प्रतिवेदन कार्यपालिकाले अर्को गाउँसभामा पेश गर्नुपर्नेछ।

**१७.कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाँझिने गरी कर तथा शुल्क सम्बन्धी कार्यविधि कालिका गाउँपालिकाले तोकेअनुसार हुनेछ।

## अनुसूची-१

### आर्थिक ऐन, २०८३ को दफा २ सँग सम्बन्धित

**सम्पति करः**

- घर तथा घरले चर्चेको जग्गा

| करयोग्य सम्पत्तिको मूल्य | वार्षिक दर रु |
|---|---|
| (क) रु ५ लाखसम्म | १० प्रतिलाख |
| (ख) रु ५ लाख १ देखि ५० लाखसम्म | १५ प्रतिलाख |
| (ग) रु ५० लाख १ देखि १ करोडसम्म | २५ प्रतिलाख |
| (घ) रु १ करोड १ देखि २ करोडसम्म | ३५ प्रतिलाख |
| (ङ) रु २ कोरोड १ देखि ३ करोडसम्म | ४५ प्रतिलाख |
| (च) रु ३ करोड १ देखि ५ करोडसम्म | ५५ प्रतिलाख |
| (छ) रु ५ करोड १ देखिमाथि | ६५ प्रतिलाख |

नोटः मूल्याङ्कन रकमलाई रु लाखमा परिणत गरी करको दर निर्धारण हुनेछ।

**घरको मूल्याङ्कन दर निम्न बमोजिम हुनेछ**

- सामान्य बसोबास रहेको RCC घरको प्रतिवर्ग फिट रु २०००/००
- व्यापारिक तथा व्यवसायिक RCC घरको प्रतिवर्ग फिट रु २५००/००
- सामान्य बसोबास गर्ने सिमेन्ट जोडाइ भएको सामान्य बसोबास गर्ने घरको प्रतिवर्ग फिट रु १५००/००
- व्यापारिक तथा व्यवसायिक प्रयोजनको RCC छाना भएको सामान्य बसोबास गर्ने घरको प्रतिवर्ग रु २५००/००
- जस्ता टायलको छाना RCC मा सिमेन्ट जोडाइ भएको सामान्य बसोबास गर्ने घरको प्रतिवर्ग फिट रु १५००/००
- जस्ता टायलको छाना RCC मा सिमेन्ट जोडाइ भएको व्यापारिक प्रयोजनको घरको प्रतिवर्ग फिट रु २०००/००
- माटोको जोडाइ भएको सामान्य बसोबास गर्ने घरको प्रतिवर्ग फिट रु १०००/००
- माटोको जोडाइ भएको व्यापारिक प्रयोजनको घरको प्रतिवर्ग फिट रु १५००/००

**घरधुरी दर्ता शुल्क**

- सामान्य बसोबास रहेको RCC घरको प्रति तला रु ३००/००
- व्यापारिक तथा व्यवसायिक RCC घरको प्रति तला रु ५००/००
- सामान्य बसोबास गर्ने सिमेन्ट जोडाइ तथा जस्ताको छाना भएको घरको प्रति तला रु २००/००
- व्यापारिक तथा व्यवसायिक प्रयोजनको RCC छाना भएको घरको प्रति तला रु ३००/००
- जस्ता टायलको छाना/RCC मा सिमेन्ट जोडाइ भएको सामान्य बसोबास गर्ने घरको प्रति तला रु २००/००
- जस्ता टायलको छाना RCC मा सिमेन्ट जोडाइ भएको व्यापारिक प्रयोजनको घरको प्रति तला रु ३००/००
- माटोको जोडाइ भएको सामान्य बसोबास गर्ने घरको प्रति तला रु १००/००
- माटोको जोडाइ भएको व्यापारिक प्रयोजनको घरको प्रति तला रु २००/००

**(२) जग्गाको मूल्याङ्कन**

- जग्गाको मूल्याङ्कन गर्दा हाललाई मालपोत कार्यालयले जग्गा रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको लागि निर्धारण गरेको न्यूनतम मूल्याङ्कनलाई सम्पत्तिको कर प्रयोजनको लागि समेत न्यूनतम मूल्याङ्कन कायम गरी जग्गाको मूल्याङ्कन गर्ने
- चालू आ व. २०८२/०८३ को सम्पत्ति कर २०८२ साल आश्विन मसान्तभित्र बुझाएमा लाग्ने करमा ५ प्रतिशत छुट दिइनेछ ।

## अनुसूची-२

### आर्थिक ऐन, २०८३ को दफा ३ सँग सम्बन्धित

### भूमि कर/मालपोत कर

| सि.नं | जग्गाको विवरण | खेत जग्गाको दर | पाखो जग्गाको दर |
|---|---|---|---|
| १ | ० देखि १ रोपनीसम्म | एकमुष्ठ रु २५/०० | एकमुष्ठ रु १५/०० |
| २ | प्रति रोपनी | २५/०० | १५/०० |

## अनुसूची-३

### आर्थिक ऐन, २०८३ को दफा ४ सँग सम्बन्धित

### बहाल कर

| सि.नं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायीक भवन, घर, पसल, ग्यारेज, टहरा, छप्पर वा जग्गा पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएमा बहाल रकमको | १० प्रतिशत | |
| २ | बैदेशिक प्रयोजनार्थ विद्यार्थीले आम्दानी प्रमाणितका वखतमा वहाल कर प्रमाणित गराउने प्रयोजनाका लागी भवन,घर,पसल,ग्यारेज,टहरा, छप्पर वा जग्गा पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएमा बहाल रकमको । | ०.१ प्रतिशत | |

## अनसूची-४

### आर्थिक ऐन, २०८३ को दफा ५ सँग सम्बन्धित

### व्यवसाय कर (दर्ता र नवीकरण)

| सि.नं | विवरण | दर्ता दररेट रु | वार्षिक नवीकरण दस्तुर प्रतिशत |
|---|---|---|---|
| १ | व्यापारिक वस्तु तथा सेवा | | |
| | १.१ सुन चाँदीका सामान तयारी र विक्रि | २०००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| | १.२ भिडियो क्यासेट रेकेर्डर तथा प्लेयर उत्पादक | १०००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| | १.३ मोबाइल मर्मत तथा विक्री | १५००/०० | |
| | १.४ चुरोट तथा रक्सी | | |
| | क) थोक विक्रेता | ३०००/०० | |
| | ख) खुद्रा विक्रता | २५००/०० | |
| | १.५ हलुका पिय पदार्थ थोक बिक्रेता | १०००/०० | |
| | १.६ निर्माण सामग्री | | |
| | क) सिमेन्ट,छड र धातुका सामाग्री विक्री गर्ने पसल | ३०००/०० | |
| | ख) कुनै एक किसिमको निर्माण सामाग्री मात्र | १०००/०० | |
| | १.७ कम्प्यूटर र सोको सामाग्रीहरु बिक्रि गर्ने पसल | १०००/०० | |
| | १.८ विद्युत पसल | | |
| | क) विद्युतका सामान थोक बिक्रेता | १५००/०० | |
| | ख) बिजुलीका सामान खुद्रा बिक्रता | १०००/०० | |
| | १.९ रेडियो, घडी बिक्रि | १०००/०० | |
| | १.१० फर्निचरका सामन तथा कार्पेट पसल | २०००/०० | |
| | १.११ पेट्रोलियम पदार्थ | | |
| | क) आयल निगमको डिलर भई पेट्रोलियम पदार्थको बिक्रि | ६०००/०० | |

| | | | |
|---|---|---|---|
| | ख) खुद्रा ग्यास विक्री | १०००/०० | |
| | १.१२ टेलिभिजन तथा रेफ्रिजेरेटर पसल | १०००/०० | |
| | १.१३ खाद्यान्न किराना पसल | | |
| | क) सबै किसिमको किराना पसलको थोक विक्रता | २०००/०० | |
| | ख) ५ लाख पूँजीसम्म भएको किराना पसल | १०००/०० | |
| | ग) ५ लाख पूँजीभन्दा बढी भएको किराना पसल | १५००/०० | |
| | घ) फलफुल तथा तरकारी पसल | ५००/०० | |
| | ङ) खाद्यान्नको र तरकारी पसल | ७५०/०० | |
| | च) खेलौना गिफ्ट सप सामान विक्री पसल | १०००/०० | |
| | १.१४ क. कपडा पसल (रेडिमेड तथा अन्य कपडा पसल) | २०००/०० | |
| | १.१४ ख. सिलाइ कटाइ/ सिलाइ बुनाई पसल | १०००/०० | |
| | १.१५ कृषि तथा पशु सम्बन्धी पसल | | |
| | क) किटनाशक औषधि तथा बिउबिजन | १०००/०० | |
| | ख) पशुपन्छी औषधि आदि | १०००/०० | |
| | ग) मलखाद पसल | १०००/०० | |
| | १.१६ मासु पसल | १०००/०० | |
| | १.१७ चिया तथा खाजा पसल | १०००/०० | |
| | १.१८ कपाल काट्ने पसल | १०००/०० | |
| | १.१९ सिलाइ कटाइ/ब्यूटी पार्लर पसल | १०००/०० | |
| | १.२० स्नुकर वा पुल हाउस | १५००/०० | |
| २ | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| | २.१ निजी सेवा सञ्चालन गर्ने कन्सल्टेटर डाक्टर | ३०००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| | २.२ निजी सेवा सञ्चालन गर्ने मेडिकल अफिसर | ३०००/०० | |
| | २.३ निजी सेवा गर्ने कविराज | २०००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| | २.४ इन्जिनियरिङ परामर्श सेवा | ६०००/०० | |
| | २.५ आर्ट व्यवसाय | १०००/०० | |
| | २.६ डिजिटल आर्ट व्यवसाय | १०००/०० | |
| | २.७ अन्य आर्ट व्यवसाय/थान्का | १०००/०० | |
| ३ | **उद्योग** | | |
| | ३.१ उत्पादनमूलक उद्योग | | दर्ता शुल्कको ५० प्रतिशत |
| | क) पानी पिउने उद्योग | १००००/०० | |
| | ख) इट्टा उद्योग | ६०००/०० | |
| | ग) वेल्डिङ तथा ग्रील पसल | २५००/०० | |
| | ३.२ फर्निचर उद्योग | | |
| | क) ट्रलीसमेत रहेको फर्निचर उद्योग | ६०००/०० | |
| | ख) समिल तथा उच्च स्तरको फर्निचर उद्योग- | ६०००/०० | |
| | ग) सामान्य फर्निचर उद्योग | १५००/०० | |
| | ३.३ उर्जामूलक उद्योग कृषि तथा वनजन्य उद्योग | | |

| | | | |
|---|---|---|---|
| | क) एक करोडभन्दा माथि पूँजी भएको | ६०००/०० | |
| | ख) सो भन्दा मुनी १० लाख सम्म पुँजी भएको | ३०००/०० | |
| | ग) १० लाख भन्दा कम पुँजी भएको | १५००/०० | |
| | घ) बेकरी उद्योग | १०००/०० | |
| | ङ) दुग्ध डेरी तथा संकलन/विक्री केन्द्र | १०००/०० | |
| ४ | **पर्यटन** | | |
| | ४.१ होटल, लज रिसोर्ट तथा रेष्टुरेण्ट | १०००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| ५ | सेवा उद्योग | | |
| | ५.१ सिनेमा हल | २०००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| | ५.२ अफसेट प्रेस | २०००/०० | |
| | ५.३ कोल्ड स्टोर तथा फाष्ड फुड पसल | १०००/०० | |
| | ५.४ सार्वजनिक परिवहन बुकिङ काउन्टर | १०००/०० | |
| | ५.५ मोटरसाइकल वर्कसप | २०००/०० | |
| | ५.६ गाडी मर्मत वर्कसप | ५०००/०० | |
| | ५.७ अटो पार्टस् सामाग्री बिक्रि पसल | ३०००/०० | |
| | ५.८ "घ" वर्गको निर्माण व्यवसाय दर्ता | ६०००/०० | |
| | ५.९ "ग" वर्गको निर्माण व्यवसाय दर्ता | ७०००/०० | |
| | ५.१० "ख" वर्गको निर्माण व्यवसाय दर्ता | ८०००/०० | |
| | ५.११ "क" वर्गको निर्माण व्यवसाय दर्ता | ९०००/०० | |
| | ५.१२ ढुवानी सेवा व्यवसाय दर्ता | २०००/०० | |
| ६. | पत्रपत्रिका पसल तथा स्टेशनरी पसल | १०००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| ७. | **वित्तीय सेवा** | | |
| | ७.१ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने बैक तथा वित्तीय संस्था क वर्ग | २००००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| | ७.२ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने बैक तथा वित्तीय संस्था ख वर्ग | १२०००/०० | |
| | ७.३ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने बैक तथा वित्तीय संस्था ग वर्ग | १००००/०० | |
| | ७.४ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने बैक तथा वित्तीय संस्था घ वर्ग | ८०००/०० | |
| | ७.५ आर्थिक कारोबार गर्ने बैक तथा वित्तीय कम्पनी मुख्य कार्यालय | ४००००/०० | |
| | ७.६ बिमा कम्पनी/काउन्टर | १००००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| | ७.७ विदेशी मुद्रा सटही काउन्टर | १००००/०० | |
| | ७.८ धितोपत्र कारोबार | १००००/०० | |
| ८ | **स्वास्थ्य सेवा** | | |
| | ८.१ गैर सरकारी अस्पताल | ६०००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| | ८.२ नर्सिङ होम | ५०००/०० | |
| | ८.३ क्लिनिक तथा ल्याब | ३०००/०० | |
| | ८.४ फार्मेसी तथा औषधि पसल र आयुर्वेद पसल समेत | २०००/०० | |
| ९ | पशुपन्छी तथा कृषि व्यवसायिक फर्मसँग सम्बन्धित | | |
| | **९.१ पशुपन्छी तथा कृषि व्यवसायिक फर्म दर्ता** | निशुल्क | निशुल्क |

| | | | |
|---|---|---|---|
| | ९.२ नवीकरण शुल्क | निशुल्क | निशुल्क |
| १० | **गाउँपालिकाले तोकेको स्थानमा तथा नियमानुसार सार्वजनिक स्थलमा ठेला गाडामा राखी व्यवसाय** | ५००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| ११ | **घरेलु मिल** | | |
| | ११.१ कुटानी पिसानी मिल | १०००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| | ११.२ तेल पेल्नेसमेत भएको मिल | १०००/०० | |
| १२ | **सहकारी (वार्षिक कारोबारको आधारमा)** | | |
| | १२.१ रु १ करोडसम्म | १०००/०० | दर्ता शुल्कको ५० प्रतिशत |
| | १२.२ रु १ करोडदेखि रु ३ करोडसम्म | ३०००/०० | |
| | १२.३ रु ३ करोडदेखि रु ५ करोडसम्म | ५०००/०० | |
| | १२.४ रु ५ करोडदेखि रु १० करोडसम्म | १००००/०० | |
| | १२.५ रु १० करोडभन्दा माथि | २००००/०० | |
| एकै व्यक्ति एकभन्दा बढी व्यवसाय एकै पसल/स्थानमा सञ्चालन गरेमा व्यवसायको लागि तोकिएको शुल्कमध्ये अधिकतम जुन व्यवसायको छ सोही बमोजिम शुल्क लाग्नेछ। | | | |

## अनुसूची-५
### आर्थिक ऐन, २०८१ को दफा ६ सँग सम्बन्धि
### जडिबुटी, कबाडि र जीवजन्तु कर

| सि.नं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | वन पैदावार निकासी | | |
| | क) जडिबुटी तथा अन्य वनस्पति | रु ५ प्रति क्यू.फि | |
| २ | कवाडि सामान | | |
| | क) टिप्पर/ठूला ट्रक | रु ५००० प्रति टिप्पर/ट्रक | |
| | ख) मिनि ट्रक | रु २५०० प्रतिमिनि ट्रक | |
| | ग) टाटामोबाइल/बलेरो | रु १००० प्रतिबलेरो | |
| | घ) बोरा | रु ५० प्रतिबोरा | |
| ३ | पुरानो कागज/पुरोनी ड्रम/थोत्रो टिन/टायर ट्यूव/जुट र प्लाष्टिक बोरा | रु १ प्रतिकिलो | |
| ४ | फलाम | रु २ प्रतिकिलो | |
| ५ | तामा पित्तल | रु ४ प्रतिकिलो | |
| ६ | पोलिथिन पाईप | रु १ प्रतिकिलो | |
| ७ | मेसिनरी औजार | रु २ प्रतिकिलो | |

## अनुसूची-६
### आर्थिक ऐन, २०८३ को दफा ७ सँग सम्बन्धित
### विज्ञापन कर

| सि.नं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायिक प्रयोजनको लागि सार्वजनिक स्थल, सडक छेउमा राखिएको होडिङबोर्ड तथा भित्ते लेखन आदि | रु ५० प्रतिवर्ग फिट | |
| २ | सार्वजनिक स्थल तथा सडक छेउमा राखिने तुल व्यानर | रु १० प्रतिवर्ग फिट | |

**अनसूची-७**

**आर्थिक ऐन, २०८३ को दफा ८ सँग सम्बन्धित**

**<u>मनोरञ्जन कर</u>**

यस कालिका गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा गाउँपालिकाले तोकेबमोजिम मनोरञ्जन कर लागू गरी कार्यान्वयनमा ल्याइनेछ। तर बागमती प्रदेश सरकारबाट कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**अनुसूची-८**

**आर्थिक ऐन, २०८३ को दफा ९ सँग सम्बन्धित**

**बहाल विरौटी कर**

| सि.नं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १ | कालिका गाउँपालिकाको क्षेत्रभित्रका ऐलानी जग्गामा कुनै संघसंस्थालाई अस्थायी रुपमा उपलब्ध गराएबापत मासिक | रु १५ प्रतिवर्ग फिट | |
| २ | कालिका गाउँपालिकाको चमेनागृह भाडा मासिक | न्यूनतम रु ३५००/०० (बढाबढमा) | |
| ३ | कालिका गाउँपालिकाको हल (पुरानो भवन) प्रतिदिन | रु १५००/०० | |
| ४ | कालिका गाउँपालिकाको हल (नयाँ भवन) प्रतिदिन | रु ३०००/०० | |
| ५ | हाट बजार/विक्री वितरण/एक्सचेन्ज मेला तथा अन्य मेला संचालन प्रतिदिन | रु. १०००/०० | कृषि सम्बन्धी मेला भएमा निशुल्क |

**अनुसूची-९**

**आर्थिक ऐन, २०८३ को दफा १० सँग सम्बन्धित**

**सेवा शुल्क, दस्तुर**

| सि.नं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| १ | सिफारिस तथा प्रमाणित | | |
| क. | व्यवसाय दर्ता सिफारिस | रु १००/०० | |
| ख. | उद्योग व्यवसाय दर्ता सिफारिस | रु ५००/०० | |
| ग. | घरबाटो सिफारिस | रु २००/०० | |
| घ. | घरबाटो सिफारिस अंशवन्डा | रु २००/०० | |
| ङ. | वैदेशिक रोजगार सिफारिस | रु २००/०० | |
| च. | छात्रवृत्ति सिफारिस वैदिशिक | रु २००/०० (निशुल्क(गरिब तथा जेहेन्दार) | |
| छ. | चार किल्ला प्रमाणित सिफारिस | रु २०० (प्रति कित्ता २५ थप) | |
| ज. | नामसारी सिफारिस | रु १००/०० | |
| झ. | कित्ता काट सिफारिस | रु २०० (प्रति कित्ता २५ थप) | |
| ञ. | नागरिकता सिफारिस | निशुल्क | |
| ट. | नागरिकता प्रतिलिपि सिफारिस | रु २००/०० | |
| ठ. | कर चुक्ता सिफारिस | रु ५००/०० | |
| ड. | तीन पुस्ते फोटो टाँस सिफारिस | रु १५०/०० | |
| ढ. | उद्योग/विद्यालयको ठाउँसारी नामसारी | रु ५००/०० | |
| ण. | विद्युत मिटर जडान सिफारिस | | |

| सि.नं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| | १. ५ एम्पियरसम्म | रु १००/०० | |
| | २. ५ एम्पियरदेखि १६ एम्पियरसम्म | रु ३००/०० | |
| | ३. १६ एम्पियरभन्दा माथि | रु ५००/०० | |
| त. | मोही बाँडफाँड वा लगत कट्टा सिफारिस | रु २००/०० | |
| थ. | खानेपानी जडान सिफारिस | निशुल्क | |
| द. | सर्जमिन मुचुल्का सिफारिस | रु २००/०० | |
| ध. | नयाँ विद्यालय दर्ता सिफारिस | रु ५०००/०० | |
| न. | अस्थायी बसोबास सिफारिस | रु ५००/०० | |
| प. | स्थायी बसोबास सिफारिस | रु ५००/०० | |
| फ. | व्यवसाय बन्द सिफारिस | रु २००/०० | |
| ब. | विद्यालय कक्षा थप सिफारिस | रु ३०००/०० | |
| भ. | आर्थिक अवस्था विपन्न/ज्येष्ठ नागरिक /अपाङ्गता/दलित तथा जनाजाति प्रमाणित सिफारिस | निशुल्क | |
| म. | अंग्रेजीमा गरिएका स्वदेशी तथा वैदेशिक विद्यार्थी अध्ययन | रु २००/०० | |
| य. | आम्दानी प्रमाणित | मूल्याङ्कित आम्दानीको ०.०५ प्रतिशत | |
| र. | अंग्रेजीमा गरिएको आम्दानी प्रमाणित | मूल्याङ्कित आम्दानीको ०.०५ प्रतिशत | |
| व. | नेपालीमा सम्पत्ति वा जग्गाको मूल्याङ्कन सिफारिस | मूल्याङ्कित रकमको ०.२५ प्रतिशत | |
| श. | अंग्रेजीमा सम्पत्ति वा जग्गाको मूल्याङ्कन सिफारिस | मूल्याङ्कित रकमको ०.२५ प्रतिशत | |
| स. | घर भएको वा नभएको प्रमाणित | रु १००/०० | |
| ष. | जग्गाधनी प्रमाण पुर्जा हराएको सिफारिस/ घर कायम साफारिस | रु १००/०० | |
| ह. | रुख कटान सिफारिस | २५ प्रतिरुख | |
| क्ष. | जातीय सिफारिस | १००/०० | |
| त्र. | अन्य सिफारिस दस्तुर/ साधारण दस्तुर | १००/०० | |
| ज्ञ. | सूचना उपलब्ध गराउँदा लाग्ने शुल्क | सूचनाको हक सम्बन्धित ऐन नियम अनुसार | |
| २. | प्रमाणित सिफारिस | | |
| क. | जीवित नाता प्रमाणित/जीवित रहेको प्रमाणित | रु १००/०० | |
| ख. | मृत्यू नाता प्रमाणित | निशुल्क | |
| ग. | नाता, जन्म, विवाह, नाबालक प्रमाणित | रु १००/०० | |
| घ. | अंग्रेजीमा नाता, जन्म, विवाह, नाबालक प्रमाणित | रु ५००/०० | |
| ङ. | हकवाला तथा हकदार प्रमाणित | रु ५००/०० | |
| च. | लिखत प्रमाणित प्रति लिखत | मुलुकी देवानी संहिता २०७४ को दफा ३६ अनुसार रु. २००।- | |
| ३. | **पञ्जीकरण** | | |

| सि.नं | विवरण | दर रु | | कैफियत |
|---|---|---|---|---|
| क. | जन्म, विवाह, मृत्यू, बसाईंसराइ, सम्बन्ध विच्छेद | रु २००/०० | ३५ दिनभित्र निशुल्क | |
| ख. | जन्म विवाह मृत्यू बसाईसराई सम्बन्ध विच्छेदको प्रतिलिपि | रु ५००/०० | | |
| ४. | सङ्घ संस्था नवीकरण | | | |
| क. | संघ संस्था दर्ता/दर्ता प्रमाण पत्रको प्रतिलिपी/विधानको प्रतिलिपी | रु १०००/०० | | |
| ख. | संघ संस्था दर्ता खारेजी शुल्क | रु ५००/०० | | |
| ग. | सङ्घ संस्था नवीकरण शुल्क | रु ५००/०० | | |
| घ. | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र दस्तुर | रु १००००/०० | | |
| ङ. | "घ" वर्गको इजाजतपत्र नवीकरण/नामसारी दस्तुर | रु ६०००/०० | कार्यविधि अनुसार असोज मसान्त भित्र नविकरण नगरेमा प्रत्येक ३ महिनामा नविकरण दस्तुरको दुइ/तिन/चार.... गुणा नविकरण दस्तुर थप हुँदै जानेछ । | |
| च. | "घ" वर्गको इजाजतपत्र प्रतिलिपि दस्तुर/ठाउँसारी सिफारिस | रु ६०००/०० | | |
| छ. | "घ" वर्गको निर्माण व्यवसायी इजाजत नामसारी तथा नाम संशोधन इजाजतपत्र दस्तुर | रु १००००/०० | | |
| ज. | रेडियो सञ्चालन, अनुमति, नवीकरण र खारेजी शुल्क | रु १०००/०० | | |
| झ. | केबल इन्टरनेट, टेलिभिजन प्रसारण अनुमति तथा खारेजी | रु २०००/०० | | |
| ५. | फोहोरमैला व्यवस्थापन शुल्क | | | |
| क. | होटल, रेष्टुरेन्ट, होलसेल व्यापारी, तरकारी तथा फलफुल व्यापारी, व्युटीपार्लर पसल | रु २०० प्रतिमहिना | | |
| ख. | साना खुद्रा र कम फोहोर उत्पादन गर्ने र बजार क्षेत्रका घरधुरी र सरकारी संघ संस्था | रु १०० प्रतिमहिना | | |
| ग. | ग्रामीण क्षेत्रका व्यवसायी तथा घरधुरी | रु २५ प्रतिमहिना | | |
| घ. | क वर्गको बैङ्क | रु ३०० प्रतिमहिना | | |
| ङ. | ख वर्गको बैङ्क | रु ३०० प्रतिमहिना | | |
| च. | ग वर्गको बैङ्क | रु ३०० प्रतिमहिना | | |
| छ. | घ वर्गको बैङ्क | रु ३०० प्रतिमहिना | | |
| ज. | सहकारी संस्थाको फोहोरमैला | रु २०० प्रतिमहिना | | |
| झ. | अन्य वित्तीय संस्था | रु ३०० प्रतिमहिना | | |
| ञ. | कपाल काट्ने पसल | रु ५०० प्रतिमहिना | | |
| ट. | किराना पसल | रु २०० प्रतिमहिना | | |
| ठ. | होटल रेष्टुरेन्ट गेस्ट हाउस | रु २०० प्रतिमहिना | | |
| ड. | औषधि पसल | रु २०० प्रतिमहिना | | |
| ढ. | मासु पसल | रु २०० प्रतिमहिना | | |
| ण. | कपडा तथा फेन्सी | रु २०० प्रतिमहिना | | |
| त. | सिलाइ कटाइ | रु २०० प्रतिमहिना | | |

| सि.नं | विवरण | दर रु | | कैफियत |
|---|---|---|---|---|
| थ. | हार्डवेयर तथा भाँडा पसल | रु २०० प्रतिमहिना | | |
| ६. | घर नक्सा पाससँग सम्बन्धित | | | |
| क. | नक्सा पास फारम  प्रति फारम | रु ५००/०० | | |
| ख. | नक्सा पास दस्तुर प्रतिवर्ग फिट (RCC संरचना) | रु ५/०० | | |
| ग | नक्सा पास दस्तुर प्रतिवर्ग फिट (Load Bearing संरचना) | रु ३/०० | | |
| घ. | नक्सा पास दस्तुर प्रतिवर्ग फिट (कच्ची) | रु २/०० | | |
| ७. | **प्रशासनिक कार्य दस्तुर** | | | |
| क. | कर्मचारी भर्ना परीक्षा शुल्क तथा फारम दस्तुर (अधिकृतस्तर) | रु १५००/०० | | |
| ख. | कर्मचारी भर्ना परीक्षा शुल्क तथा फारम दस्तुर (सहायकस्तर) | रु १०००/०० | | |
| घ. | बोलपत्र दस्तुर | सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमवली, २०६४ को व्यवस्था बमोजिम | | |
| ङ. | सूची दर्ता | रु ३००/०० | | |
| च | विनियम/विधान संशोधन प्रमाणित | रु ५००/- | | |
| ८. | **न्यायिक समितिबाट कार्यसम्पादन हुने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७(२) बमोजिमको शुल्क** | | | |
| क. | निवेदन दर्ताका लागि टिकट शुल्क | ०.०० | | |
| ख. | बन्द घरकोठा खोल्ने रोहवर | रु ५००/०० | | |
| ग. | साँध सिमाना छुट्याए बापतको शुल्क | रु ५००/०० र प्रतिकित्ता रु १०० थप | | |
| घ. | मिलापत्र दस्तुर | रु ५००/०० | | |
| ९. | **कृषि सम्बन्धी** | | | |
| क. | रासायनिक मल बिक्रेता/दर्ता/नवीकरण सिफारिस | रु १०००/०० | | |
| ख. | बिउबिजन कारोबार अनुमति पत्र/दर्ता/नवीकरण सिफारिस | रु ५००/०० | | |
| ग. | खुद्रा विषादी बिक्रेता अनुमति पत्र/दर्ता/नवीकरण सिफारिस | रु ५००/०० | | |
| घ. | कृषि शाखाको अन्य सिफारिस | रु २००/०० | | |
| १०. | **पशु शाखासँग सम्बन्धित** | | | |
| क. | रेविज खोप प्रति पशु (अभियानबाहेक) | निशुल्क | | |
| ख. | पशु बन्ध्याकरण प्रति पशु | निशुल्क | | |
| ११. | **संस्थागत विद्यालयसँग सम्बन्धित** | | | |
| | संस्थागत विद्यालय | दर्ता | नवीकरण | |
| क. | १-३ कक्षा | रु ५०००/०० | रु १०००/०० | |
| ख. | ३-५ कक्षा | रु ५५००/०० | रु १५००/०० | |
| ग. | ५-८ कक्षा | रु ६०००/०० | रु २०००/०० | |
| घ. | ८-१० कक्षा | रु ७०००/०० | रु २५००/०० | |
| ङ. | १०-१२ कक्षा | रु ८०००/०० | रु ३०००/०० | |
| च. | कक्षा थप | रु १००० प्रतिकक्षा थप | | |
| छ. | परीक्षा शुल्क कक्षा ८ | रु २५० प्रति विद्यार्थी | | |

| सि.नं | विवरण | दर रु | कैफियत |
|---|---|---|---|
| ज. | प्रमाणपत्रको प्रतिलिपि तथा नाम सच्चाउने | रु २०० प्रति विद्यार्थी | |
| १२. | **योजनासँग सम्बन्धित** | | |
| क. | उपभोक्ता समितिबाट योजनाको सम्झौता/कार्यसम्पादन सिफारिस/अनुगमन सिफारिस | रु १०० प्रति सिफारिस | |
| १३. | **कालिका गाउँपालिकाको मेसिनरी सामग्री प्रयोगसँग सम्बन्धित** | | |
| क) | जे.सि.भि प्रयोग दस्तुर | रु ३५०० प्रति घण्टा (थप ३०० चालकलाई दिनुपर्ने) गाउँपालिकाबाट भएको कार्यमा अपरेटरलाई रु. २००।– खाजा खाना भत्ता उपलब्ध गराईनेछ । | |
| ख) | **एम्बुलेन्स दस्तुर** | | |
| अ. | रसुवादेखि काठमाडौंसम्म | एम्वुलेन्स संचालक समितिको निर्णयानुसार | |
| आ. | रसुवादेखि त्रिशुलीसम्म | | |
| इ | रसुवादेखि हेटौडासम्म | | |
| ग) | शव वहान दस्तुर | कालिका गाउँपालिका भित्र स्थायी वसोबास गर्नेलाई निशुल्क र अन्य पालिकाका महानुभावहरुलाई वेत्रावती सम्म लगेको रु. २०००।– । शव वहान चालकलाई रु. १०००।– खाजा खाना भत्ता उपलब्ध गराईनेछ । | |
| घ) | ट्रिपर भाडा | | |
| | पक्की सडक प्रति कि.मि. | १२००।- | |
| | कच्ची सडक प्रति कि.मि. | १५००।- | |

## अनुसूची-१०

## आर्थिक ऐन, २०८३ को दफा ११ सँग सम्बन्धित

**पर्यटन शुल्क**

| सि.नं | विवरण | शुल्क |
|---|---|---|
| १ | स्याउवारी पिकनिक स्पटमा पिकनिक गर्ने प्रत्येक समुह | रु १०००/०० (५० प्रतिशत उपभोक्ता समितिलाई र ५० प्रतिशत गाउँपालिकालाई) |

## अनुसूची-११

## आर्थिक ऐन, २०८३ को दफा १२ सँग सम्बन्धित

**ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्कः**

बागमती प्रदेश सरकारबाट कानून स्वीकृत भई सो कानूनमा व्यवस्था वा निर्धारण भएअनुसार सङ्कलन गरिनेछ।

## अनुसूची-१२

## आर्थिक ऐन, २०८३ को दफा १३ सँग सम्बन्धित

**घरजग्गा रजिष्ट्रेशन शुल्क**

कालिका गाउँपालिका क्षेत्रभित्र घरजग्गा वा अन्य सम्पत्तिहरुको दाखिला खारेज तथा नामसारी र रजिष्ट्रेशन शुल्क बागमती प्रदेश सरकारले निर्धारण गरेको दररेटबमोजिम हुनेछ।

**अनसूची-१३**

**आर्थिक ऐन, २०८३ को दफा १४ सँग सम्बन्धित**

## दण्ड जरिवाना

- **यस आर्थिक ऐन बमोजिम लाग्ने कर तोकिएको मितिभित्र भुक्तानी नगरेमा प्रत्येक आ.व.मा १० प्रतिशतका दरले थप जरिवाना लिइनेछ ।**

| सि.नं | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | सार्वजनिक स्थलमा फोहोर फालेकोमा (अवस्था हेरी) | रु ५०० देखि रु ३००० सम्म | |
| २ | घरपालुवा पशुपन्छी छाडा छोडेकोमा (अवस्था हेरी) | रु ५०० देखि रु १५०० सम्म | |
| ३ | मिति सकिएको खाद्यान्न लगायत किराना तथा अन्य सामाग्री विक्री तथा विषादी र खाद्यान्न छुट्याएर विक्री नगर्ने पसलहरु | | |
| क. | अनुगमन समितिको निर्णयानुसार पहिलो पटक | सचेत गराउने | |
| ख. | अनुगमन समितिको निर्णयानुसार दोस्रो पटक | रु.१००० देखि ५००० सम्म | |
| ग. | अनुगमन समितिको निर्णयानुसार तेस्रो पटक | रु.५००० देखि २५००० सम्म | |
| घ. | चौथो पटक | पसल सिल गरी कारवाहीको लागि जिल्ला प्रशान कार्यालय र सम्बन्धित निकायमा पठाउने | |
| ४. | सार्वजनिक स्थलमा धुम्रपान गरेमा (अवस्था हेरी) | रु ५०० देखि रु ३००० सम्म | |

**अनसूची-१४**

**आर्थिक ऐन, २०८३ को दफा १५ सँग सम्बन्धित**

| सि.नं | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| | सवारी साधन कर | | |
| १ | **ई रिक्सा/अटो** | | |
| क. | सवारी साधन कर वार्षिक | प्रति गोटा रु.२०००।०० | |
| ख. | रुट परमिट (प्रति ४ महिना म्याद समाप्त भएको १५ दिन सम्म)/रुट परमिट सिफारिस | प्रति गोटा रु.२०००।०० | |
| अ. | म्याद समाप्त भएको ४५ दिन सम्म | प्रति गोटा रु.४०००।०० | |
| आ. | म्याद समाप्त भएको ६ महिना सम्म | प्रति गोटा रु.६०००।०० | |
| इ. | म्याद समाप्त भएको १२ महिना सम्म | प्रति गोटा रु.१००००।०० | |
| ग. | अटो रिक्सा जाँचपास प्रति वर्ष म्याद समाप्त भएको ७ दिन भित्र | रु.२००।०० | |
| अ. | प्रति वर्ष म्याद समाप्त भएको १० दिन भित्र | रु.४००।०० | |
| आ. | प्रति वर्ष म्याद समाप्त भएको १० दिनपछि | रु.१०००।०० | |
| २ | **सवारी साधन कर जरिवाना** | | |
| क. | गाउँपालिकाको दर्ता अनुमती विना सवारी संचालन गरेमा | पहिलो पटक रु. ३०००।–<br>दोस्रो पटक रु. ६०००।–<br>तेस्रो पटक रु. १००००।– सहित सवारी जफत | |
| ख. | गाउँपालिकाको स्वीकृती विना रंग सिट स्वरुप इन्जिन र च्यासिस परिवर्तन गरी सवारी संचालन गरेमा | रु. १०००।– देखि रु. ५०००।– जरीवाना शुल्क तिराई सचेत गराइनेछ । | |
| ग. | गाउँपालिका क्षेत्रभित्र अटो/ई-रिक्सा व्यवस्थापन तथा संचालन सम्बन्धि गाउँपालिकाको कानुन बमोजिम कसूर गरेमा | पहिलो पटक रु.५००।–<br>दोस्रो पटक रु. १०००।–<br>तेस्रो पटक रु. १५००।– र त्यसपछि पटकै पिच्छे दोब्बर जरिवाना गरी सचेत गराउन सक्नेछ । | |
| घ. | गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाको कानून बमोजिम जाँचपास गराउनु पर्नेमा नगराएमा | म्याद नाघी ३५ दिन भित्र दोब्बर र सो अवधिमा पनि नआएमा रु.१०००।- जरिवाना लाग्नेछ | |

**प्रमाणीकरण मिति : २०८३/०३/१०** **गाउँ सभाबाट स्विकृत मिति : २०८३/०३/०४**

**आज्ञाले,**

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत